**आकाशवाणी समाचार- नेपाली**

मितिः ३ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- दिल्ली विधानसभा चुनाव प्रचारको आज अन्तिम दिन हो। भारतीय जनता पार्टी, आम आदमी पार्टी र कांग्रेसका नेता तथा स्टार प्रचारकहरुले मतदाताहरुलाई आ-आप्नो पक्षमा आकर्षित गर्न हरसम्भव प्रयास गरिरहेका छन्, बुधवार मतदान हुनेछ।

- उत्तर प्रदेशको प्रयागराजमा बसंत पंचमीको अवसरमा महाकुंभको तेस्रो अमृत स्नान जारी छ।

- वक्फ (संशोधन) विधेयक 2024 बारे संयुक्त संसदीय समिति-जेपीसीको रिपोर्ट भोली लोकसभामा पेश गरिनेछ।

- कांगोमा भारतीय दूतावासले आफ्ना सबै नागरीकहरुलाई बाकूवामा एम 23 विद्रोहीहरु आउने खबरको मध्येनजर सुरक्षित स्थानहरुमा जाने सलाह दिएको छ।

- भारतले टी-20 क्रिकेटमा इंग्लैंडलाई 150 रनले पराजित गरि पाँच म्याचहरुको श्रृंखला 4-1ले जीतेको छ।

- शतरंजमा भारतीय ग्रैंडमास्टर आर. प्रज्ञाननंदाले बर्तमान विश्व चैंपियन डी. गुकेशलाई पराजित गरि प्रतिष्ठित टाटा स्टील मास्टर्स 2025 को उपाधी आफ्नो नाम गरेका छन्।

**दिल्ली प्रचार**

दिल्ली विधानसभा चुनाव प्रचारको आज अन्तिम दिन हो। भारतीय जनता पार्टी, आम आदमी पार्टी र कांग्रेसका नेता तथा स्टार प्रचारकहरुले मतदाताहरुलाई आ-आप्नो पक्षमा आकर्षित गर्न हरसम्भव प्रयास गरिरहेका छन् । सबै दलका नेताहरुले शहर भरि रोड शो, घर-घर गएर चुनाव प्रचार र जन सभाहरु गरिरहेका छन्। कुल 699 उम्मीदवार चुनाव मैदानमा छन् । 70 सदस्यीय दिल्ली विधानसभाका लागि बुधवार मतदान हुनेछ र मतहरुको गन्ती शनिवारको दिन हुनेछ।

****** ० ******

**उपराष्ट्रपति अवैध प्रवासी**

उपराष्ट्रपति जगदीप धानखड़ले देशमा लाखौं अप्रवासी हुन सक्ने र घुसपैठ गर्नेलाई चुनावी राजनीतिमा प्रभाव पार्न नमिल्ने बताउनुभ्ञएको छ। उहाँले युवाहरूलई राष्ट्र विरोधी विमर्शहरूलाई रोक्ने अपील गर्नुभएको छ। श्री धनखड़ले संसदमा लगातार अवरोध भ्ञइरहेकोमा चिन्ता व्यक्त गर्नुभएको छ। दिल्लीमा इन्स्टीटयुटमा चार्टड अकाउंटेन्टस अफ इण्डिया - आसीएआई द्वारा आयोजित वर्ल्ड फोरम अफ इण्डिया अकाउंन्टस - डब्ल्यु ओ ए एफ सम्मेलनमा उहाँले भन्नुभयो युवाहरूलई आफ्नो अस्तित्व संबन्धी चुनौतीहरूको बारेमा विचार गर्न आवश्यक छ। श्रीधनखड़ले भन्नुभयो कही मानिसहरू र संस्थाहरूलाई देशमा भइरहेको विकास असल लागेको छैन त्यसैले उनीहरूमा सनसनी र आख्यान उत्पन्न गर्ने प्रवृति छ। उपराष्ट्रपतिले युवाहरूलईा अपील गर्दै भन्नुभये युवाहरूको साथमा त्यो शक्ति छ जसले राष्ट्र विरोधीा विमर्शहरूलाई बेअसर गर्न सक्छ र ती तातहरूलाई परास्त गर्न सक्छ जसको सोच भारत प्रति शत्रु सरह छ। सम्मेलनमा श्री धनखड़ले यो कुरामा पनि जोड़ दिन दिंदै भन्नुभयो आर्थिक ।राष्ट्रवादको भावनालाई आत्मसात गर्नु जरूरी छ किनकी यस्तो दृष्टिकोण अर्थव्यवस्थाको लागि लाभ्ञदायक हुनेछ।

****** ० ******

**प्रधानमन्त्रीकोमहाकुम्भभिषेकम**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र इन्डोनेसियाबीचको सम्बन्ध केवल भूराजनीतिक मात्र नभई हजारौं वर्ष पुरानो भएको बताउनु भएको छ | इन्डोनेसियाको राजधानी जकार्तामा श्री सनातन धर्म आलयमको अनलाइन महाकुम्भ विशेषगमलाई सम्बोधन गर्नु हुदै श्री मोदीले दुई देश संस्कृति, सभ्यता र आध्यात्मिकताको रूपमा जोडिएको बताउनु भयो । यदि कुनै भारतीय इन्डोनेसियाको प्रम्बानन मन्दिरको दर्शन गर्न जान्छ भने उसले काशी अनि केदरनाथलाई स्मरण गर्नेछन ।

****** ० ******

**महाकुंभ - अमृत स्नान**

उत्तर प्रदेशको प्रयागराजमा बसंत पंचमीको अवसरमा महाकुंभको तेस्रो अमृत स्नान जारी छ। यो स्नान महाकुंभ मेलाको सबैभन्दा महत्वपूर्ण र पवित्र अनुष्ठान हो। यस अधि दुईवटा अमृत स्नान 14 जनवरी मकर संक्रांति र 29 जनवरी मौनी अमावस्याको दिन भएको थियो।महानिर्वाणी पंचायती अखाड़ा र शंभू पंचायती अटल अखाड़ा आज बिहान त्रिवेणी संगममा पवित्र स्नान गर्ने पहिलो अखाड़ा हुनेछ। यस अवसरमा सुरक्षा व्यवस्था सुनिश्चित गर्नका लागि अर्धसैनिक बलहरु सहित 50 हजार भन्दा बड़ी पुलिस कर्मीहरुलाई तैनात गरिएको छ।उत्तर प्रदेश सरकारले एक मजबूत सुरक्षा योजना लागू गरेको छ तथा महाकुंभ मेला क्षेत्रलाई **नो व्हीकल र नो वीआईपी जोन** घोषित गर्एको छ ।विश्वको सबैभन्दा ठूलो धार्मिक समागमको रूपमा जानिने महाकुंभ मेलाको सुरु 13 जनवरीमा भेको थियो र अहिले सम्म 35 करोड़ भन्दा बढ़ी श्रद्धालुहरुले संगममा स्नान गरिसकेका छन।

****** ० ******

**संयुक्त संसदीय समिति**

वक्फ (संशोधन) विधेयक 2024 बारे संयुक्त संसदीय समिति-जेपीसीको रिपोर्ट भोली लोकसभामा पेश गरिनेछ। वक्फ (संशोधन) विधेयक बारे जेपीसीका अध्यक्ष जगदंबिका पाल र भारतीय जनता पार्टीका सांसद संजय जायसवालले संयुक्त समितिको रिपोर्ट पेश गर्नुहुनेछ। उँहाहरुले जेपीसी समक्ष ल्याईएको साक्ष्यहरुलाई पनि सदनको पटलमा राख्नुहुनेछ। लोकसभा अध्यक्ष ओम बिरलालाई 30 जनवरी 2025 मा रिपोर्ट प्रस्तुत गरीएको थियो। वक्फ (संशोधन) विधेयक माथि जेपीसीले बुधवार अर्थात 29 जनवरीमा मस्यौदा रिपोर्ट र संशोधित विधेयकलाई मंजूरी दिइएको थियो । यधपि विपक्षी सदस्यहरुले रिपोर्ट बारे आफ्नो असहमति दर्ज गराएका थिए। पहिले जेपीसीले वक्फ विधेयक 1995 मा 25 संशोधनहरुका साथ मंजूरी दिइको थियो। संसदको बजट सत्र 31 जनवरीमा शुरू भयो र यो 4 अप्रैल सम्म चल्नेछ।

****** ० ******

**विदेश मंत्रालय कांगो**

कांगोको राजधानी किंशासामा भारतीय दूतावासले कांगोको बुकावुमा बस्ने भारतीय नागरीकहरुलाई सुरक्षित स्थानहरुमा जाने सलाह दिइएको छ। सुरक्षित स्थानहरु सम्म पुग्नका लागि हवाईअड्डा, सीमा र वाणिज्यिक मार्ग खुला रहेको दूतावासले भनेको छ । भारतीय दूतावासले पूर्वी कांगोमा सुरक्षा स्थिति बारे नजीकबाट निगरानी गरिरहेको छ। दूतावासले सबै भारतीय नागरीकहरुलाई सबै आवश्यक पहिचान र यात्रा दस्तावेज आफ्नो साथ राख्न भनि आग्रह गरेको छ । औषधी, लुगाफाटा, यात्रा दस्तावेज, भोजन र पानी जस्ता आवश्यक वस्तुहरु पनि साथ राख्ने सलाह दिइएको छ।

****** ० ******

**कांगो-विद्रोहीमृत्यु**

रवाण्डा समर्थित एम-२३ विद्रोहीहरूसँगको लडाइँमा पूर्वी प्रजातान्त्रिक गणराज्य कंगो (DRC) को सबैभन्दा ठूलो शहर गोमा र वरपरका क्षेत्रहरूमा एक हप्तामा कम्तीमा ७७३ जनाको मृत्यु भएको छ। कंगो सरकारका प्रवक्ताले मृत्यु हुनेको संख्या अझ बढी हुन सक्ने बताउनु भएको छ । अधिकारीहरूले भनेका छन् कि विद्रोहीहरूले दशकदेखि चलिरहेको लडाइँको कारण शहर कब्जा गरेका थिए।संयुक्त राष्ट्र संघका विज्ञहरूका अनुसार, विश्वको अधिकांश प्रविधिको लागि महत्त्वपूर्ण विशाल भण्डारहरू रहेको DRC को खनिज-धनी पूर्वी क्षेत्रको नियन्त्रणको लागि प्रतिस्पर्धा गर्ने १०० भन्दा बढी सशस्त्र समूहहरूमध्ये M-23 सबैभन्दा शक्तिशाली

हो। उनीहरूलाई छिमेकी रवान्डाका लगभग ४,००० सेनाले समर्थन गरिरहेका छन्।

****** ० ******

**इसरो**

भारतीय अंतरिक्ष अनुसंधान संगठन इसरोले आज एलभीएस -०२  उपग्रहलाई वांछित कक्षमा स्थातिप गर्ने प्रययासहरूलाई अंतरिक्ष यानमा जड़ान गरिएको -;यर्स्टस ले काम गर्न असफल हुँदा झटका लागेको छ। भारतको आफ्नो अंतरिक्षमा आधारित नेविगेशन प्रणालीको लागि महत्वपूर्ण मानिने एनभीएस-०२ उपग्रहलाई २६ जनवरीमा जीएसएलवी -एम के २ रोकेटको माध्यमबाट प्रक्षेपित गरिएको थियो  जुन श्री हरिकोटामा अंतिरक्ष केन्द्रबाट इसरोको १०० औं प्रक्षेपण थियो। यो उनपग्रहले पृथ्वीको अएण्डकार जियोसिंक्रोनस ट्रान्सफर आर्बिट- जी टि ओ को परिक्रमा गरिरहेको छ जुन नेविगंशन प्रणालीको लागि उपयुक्त छैन। इसरोले बताए अण्डकार कक्षमा नेविगंशनको लागि उपग्रहको प्रयोग गन्रका लागि एलवी राकेटद्वारा उपग्रहलाई जीटी ओ मा स्थातिप गरेपछि उपग्रहमा लागको सौर्य पैनलहरूलाई सफलता पूर्वक प्रयोग गरिएको छ। ग्राउंड स्टेशनको साथ संचार स्थातिप भएको बताउँदै अंतरिक्ष एजेन्सीले सबै चरण त्रुटिहीन तरीकाले सम्पन्न भएकोले जीएसएलवी को प्रक्षेपण सफल रहेको बताएका छन्।

****** ० ******

**जापान-उपग्रह**

जापानको अन्तरिक्ष एजेन्सीले आज आफ्नो नयाँ प्रमुख H-3 रकेटमा नेभिगेसन उपग्रह सफलतापूर्वक प्रक्षेपण गरेको बताएको छ। मिचिबिकी ६ उपग्रह बोकेको H-३ रकेटले दक्षिणपश्चिम जापानी टापुमा रहेको तानेगाशिमा अन्तरिक्ष केन्द्रबाट उडान भरेको थियो। यो उपग्रह लगभग दुई हप्तामा आफ्नो कक्षमा पुग्ने अपेक्षा गरिएको छ। जापानसँग हाल क्षेत्रीय नेभिगेसन प्रणालीका लागि चार उपग्रहहरूकासाथ क्वासी-जेनिथ स्याटेलाइट सिस्टम - QZSS - छ  जुन २०१८ देखि प्रयोगमा छ। मिचिबिकी ६ यसको नेटवर्कको पाँचौं भाग हुनेछ। मौसमको कारण एक दिन ढिलो भएको आजको प्रक्षेपण H-3 प्रणालीको लागि लगातार चौथो सफल उडानथियो।

****** ० ******

**इरानउपग्रह**

इरानले आज राजधानी तेहरानमा राष्ट्रिय अन्तरिक्ष प्रौद्योगिकी  दिवसको अवसरमा तीन नयाँ स्वदेशी उपग्रहहरूको अनावरण गरेको छ। इरानका राष्ट्रपति मसूद पेजेश्कियान, सूचना तथा सञ्चार प्रविधि मन्त्री सय्यद सत्तार हाशेमी र अन्य क्याबिनेट मन्त्रीहरू र सैन्य अधिकारीहरूको उपस्थितिमा आयोजित एक समारोहमा नवाक-१, पार्स-२ र पार्स-१ उपग्रहहरूको उन्नत मोडेलहरू अनावरण गरिएको इरानी मिडियाले जनाएको छ। इरानको अन्तरिक्ष अनुसन्धान केन्द्रद्वारा विकसित नवाक-१ सञ्चार उपग्रह, स्वदेशी सिमोर्ग प्रक्षेपण यानको अपग्रेड गरिएको संस्करणको कार्यक्षमता परीक्षण गर्न डिजाइन गरिएको हो। लगभग ३४ किलोग्राम तौल भएको, नवाक-१ मा कॉस्मिक  किरणहरू मापन गर्न डोसिमेट्री पेलोड छ र पृथ्वीको विद्युत चुम्बकीय क्षेत्र मापन गर्न म्याग्नेटोमिटर सेन्सर छ। इरानी समाचार एजेन्सी IRNA का अनुसार, रिमोट-सेन्सिङ उपग्रह पार्स-२ को तौल १५० किलोग्राम छ र यो दुई छुट्टाछुट्टै रेखीय स्थिति सेन्सरहरू सहित दुई इमेजिङ पेलोडहरूले सुसज्जित छ। रिमोट-सेन्सिङ उपग्रह पार्स-१ को उन्नत मोडेलको तौल १५० किलोग्रामभन्दा कम छ र यसमा तीनवटा इमेजिङ पेलोडहरू:  मल्टीस्पेक्ट्रल, सर्ट-वेभ इन्फ्रारेड र थर्मल इन्फ्रारेड छन् |

****** ० ******

**पुरुष टी-20 क्रिकेट**

भारतले टी-20 क्रिकेटमा श्रृंखलाको पाँचौ एवं अन्तिम म्याचमा इंग्लैंडलाई 150 रनले पराजित गरि पाँच म्याचहरुको श्रृंखला 4-1 ले जीतेको छ। मुम्बईको वानखेड़े स्टेडियममा हिजो राती खेलिएको म्याचमा भारतले दिएको 248 रनको लक्ष्यको जवाफमा इंग्लैंडको टीमले 10 ओवर र तीन बलमा  केवल 97 रन मात्र बनाउन सक्यो । सलामी Batsman फिलिप साल्टले सर्वाधिक 55 रन बनाए। भारतका मोहम्मद शमीले तीन विकेट लिए भने वरुण चक्रवर्ती, शिवम दुबे र अभिषेक शर्माले 2-2 र रवि

बिश्नोईले  एक विकेट लिए।यस अघि पहिले BATTING गर्दै भारतीय टीमले निर्धारित 20 ओवरमा  9 विकेट गुमाएर 247 रन बनाएको थियो। अभिषेक शर्माले 54 बलमा  135 रन बनाएर उत्कृष्ट प्रदर्शन गरे। इंग्लैंडका लागि, ब्रायडन कार्सेले 3 विकेट, मार्क वुडले 2 र जोफ्रा आर्चर, जेमी ओवरटन र आदिल राशिदले एक-एक विकेट लिए। अभिषेक शर्मालाई प्लेयर अफ़ द मैच र वरुण चक्रवर्तीलाई प्लेयर फ़ द सीरीज़ घोषित गरियो।

****** ० ******